Barun Hydropower Company Ltd.
बरूण हाईड्रोपावर कम्पनी लि.

Regd. No. 26781/060/061
PAN No. 301617998

Kathmandu-29, Anamnagar
Tel.: 01-5705590
E-mail: barunhydro@gmail.com

च नं :
पं सं :

**बरुण हाईड्रोपावर कम्पनी लिमिटेड**
केन्द्रिय कार्यालय,अनामनगर, काठमाण्डौ ।
फोन नं. ०१-५७०५५९०

## *१८ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना*

**प्रथम पटक प्रकाशित मिति२०७८।०९।०७**

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०७८।०९।०१मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस बरुण हाईड्रोपावर कम्पनी लि.को १८ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०७८/०९/२९ बिहीबार, (तद्नुसार, १३ जनवरी, २०२२)
स्थान : कम्पनीको रजिष्टर्ड कार्यलय अनामनगर काठमाण्डौं
समय : विहान १०.०० वजे ।
(कोभिड-१९ महामारीको जोखिम कायम नै रहेको हुनाले साधारण सभामा अनलाइन(भर्चुअल) प्रविधि मार्फत सहभागी हुन सक्ने गरि शेयरधनी महानुभावहरुलाई Zoom Meeting ID तथा Password उपलब्ध गराउने व्यवस्था गरिएको छ ।)

**छलफलका लागि प्रस्तावितविषयहरु:**

**(क) सामान्य प्रस्तावहरु:**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
(२) आ.व.२०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा।
(३) आ. व.२०७८/०७९ को लेखा परिक्षण गर्न लेखा परिक्षकको नियूक्ति एवंम निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४) मिति २०७३ आषाढ २० गते सम्पन्न विशेष साधारण सभाबाट पारित भएको १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्तावलाई निरन्तरता दिने सम्बन्धमा ।

(ग) **विविध ।**

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्यजानकारी:**

(१) यस बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको १८ औं वार्षिक साधारण सभाको प्रयोजनार्थ मिति २०७८/०९/१६ गते शुक्रबार ( एक दिन) शेयर खरिद विक्री, दाखिल खारेज (शेयरधनीदर्ता पुस्तिका) बन्द हुने व्यहोरा शेयरधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।
(२) वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचयपत्र खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।
(३) शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ०९:०० वजे देखि १०:३० वजे सम्म खुल्ला रहनेछ ।
(४) साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, अनामनगर-२९ काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।
(५) प्रनिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ ।
(६) साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौं-२९, अनामनगरमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।